## प्रश्न नं. ७

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरण: (कक्षा रोल्नं.७३२ देखि ८५३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

वरसाती कहारको जाहेरीले नेपाल सरकार

**बिरुद्ध**

वांके जि. जानकी गाउँपालिका वडा नं. ३ वस्ने वित्ति भन्ने कलावती यादव

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. मिति २०७५।८।५ गते म घरमा थिईन । आमाले वहिनीले वान्ता गरेकी छ भन्दा म र आमा घरमा पुग्दा वहिनी वेहोस अवस्थामा देखि तुरुन्त उपचारार्थ भेरी अस्पतालमा ल्याई उपचार गराउंदा साँझ करिव ६.३० वजेको समयमा होस आउंदा वहिनीसंग सोध्दा मलाई मन्ता यादवको श्रीमतीले भेली (गुड) मा विष हाली खान दिएको थियो सोही कारणले यस्तो भएको हो भनी त्यहां उपस्थित व्यक्तिहरु र प्रहरी समेतको अगाडि भनेकी र उपचार हुंदा हुँदै मिति २०७५।८।६ गते विहान ३.०० वजेको समयमा मृत्यु भएको हुंदा निज प्रतिवादी मन्ते यादवको श्रीमतीलाई पक्राउ गरी कानून वमोजिम सजाँय गरिपाऊँ भन्ने वरसाती कहारको मिति २०७५।८।७ को जाहेरी दर्खास्त ।

२. मिति २०७५।८।५ गते अं. १७.०० वजेको समयमा मेरो घर देखि नजिकै सटेको मन्ते अहिरको स्वास्नी वित्ती अहिरले मलाई आफ्नो घरमा वोलाई कच्ची मिठाई (भेली) खान दिएकी थिईन । सो भेली खाई सकेपछि मलाई पेट पोल्ने, पानी प्यास लाग्ने, वमिट हुने गरेको हो । पछि वेहोस भएर मलाई उपचारार्थ भेरी अस्पतालमा ल्याएका रहेछन । मेरो स्वास्थ्य स्थिति गम्भिर छ भन्ने समेत व्यहोराको मृतक गिता कहारले भेरी अस्पताल नेपालगन्जमा गरेको मौकाको घटना विवरण कागज ।

३. उपचारको अवस्था सामान्य देखिएको, वायां हातमा औषधीको सुई लगाएको, घाउ खत भएको भन्ने समेत व्यहोराको मिति २०७५।८।६ को लास जाँच तथा घटनास्थल मुचुल्का ।

४. जिल्ला वांके, जानकी गाउँपालिका वडा नं. ३ स्थित पूर्व चेतरामको घर, पश्चिम जगराम यादवको घर उत्तर ध्रुव सुनारको घर, दक्षिण सेव नाउको घर यति ४ किल्ला विचमा पूर्व मोहडा भएको कच्ची खपडाको छाना भएको मन्ते यादवको घर, सो घरमा जाहेरवालाको वहिनी गिता कहारलाई प्रतिवादी वित्ती यादव अहिरले भेलीमा विष मिलाई खान दिएको घटनास्थल विवरण कागज ।

५. भिषेराको केमिकल एनालाईसिस पश्चात् मृत्युको कारण खुल्ने भन्ने व्यहोराको सि.सि.सि.भिषेरा सहित प्राप्त भेरी अस्पतालको शव परिक्षण प्रतिवेदन ।

६. मृतक गिता कहारको भिषेरा नमूनामा आल्मुनियम फोस्फराईड मुसा मार्ने विषादी पाईयो भन्ने व्यहोराको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको भिषेरा परिक्षण प्रतिवेदन ।

७. वित्ति अहिर (यादव) ले नै कर्तव्य गरी विष खुवाई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ कारवाही गरिपाऊँ भन्ने मिति २०७५।८।१५ को लालजित कहारको कागज ।

८. छोरीले वान्ता गरेको देखि के भएको हो भनी सोधपुछ गर्दा मन्ते यादवको श्रीमतीले मलाई पानीमा भेली र विषादी खान दिएकोले यस्तो हैरानी भएको भनी जानकारी दिएकोले तत्काल अस्पताल ल्याई उपचार गर्दा गर्दै मृत्यु भएको हो, वारदात पछि निज फरार पनि छन निजले नै विषादी खुवाएको हुन भन्ने मिति २०७५।८।१५ को तुलसा कहारको कागज

९. जाहेरवाला वरसाती कहारले कलावती यादवलाई चिनी सनाखत गरेको मिति २०७५।८।१६ को कागज ।

१०.मैले जाहेरवालाको वहिनीलाई भेली (गुड) खान दिएको छैन । मृत्यु हुनु भन्दा १० दिन अगाडि देखि नै म आफ्नो माईती घर गुरुवा गाउंमा काकाको छोराको विवाह भएकोले विवाहमा गएको थिएं । उक्त समयमा म इन्द्रपुरमा थिईन, मैले विष सेवन गराई मारेको होईन भन्ने प्रतिवादी कलावती यादवको मिति २०७५।८।१७ को कागज ।

११.गिता कहारलाई कर्तव्य गरी मारेको भन्ने सम्वन्धमा मलाई थाहा छैन भन्ने वुझिएका राम सुकल यादव र सन्तोष कुमार सोनीको एकै मिलानको छुट्टा छुट्टै कागज ।

१२. वारदातको समय भन्दा २४ दिन अगाडि नै कलावती यादव आफ्नो माईती घर गएकी थिईन । गिता कहारलाई विष खान दिई मारेकोमा विश्वास लाग्दैन भन्ने इन्द्र प्रसाद यादव र मोतीलाव कांदुको एकै मिलानको मिति २०७५।८।१८ को छुट्टा छुट्टै कागज ।

१३. प्रतिवादी वित्ति भन्ने कलावती यादवले मृतक गिता कहारलाई भेलीमा आल्मुनियम फोस्फराईड नामक विषादी मिसाई खुवाएको कारणवाट निजको मृत्यु भएको पुष्टि हुन आएको हुंदा निज प्रतिवादी वित्ति भन्ने कलावती यादवले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरितको कसूर अपराध गरेको हुँदा सोही संहिताको दफा १७७(२) अनुसार जन्म कैदको सजाय हुन पक्राउ परेकी प्रतिवादी वित्ति भन्ने कलावती यादव र मिसिल यसै अभियोगपत्र साथ प्रस्तुत गरिएको व्यहोरा सादर अनुरोध छ भन्ने अभियोग माग दावी ।

१४.प्रतिवादी वित्ति भन्ने कलावतीले अदालतमा गरेको वयान ।

१५. वांके जिल्ला अदालतको फैसला ।

१६. उच्च अदालत समक्ष परेको पुनरावेदन पत्र ।